# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल


प.स.०७६।०७७
च.नं. ८६०

मिति : २०७६।०९।०७

श्री वडा कार्यालय सबै,
चौतारा साँगाचोकगढी नगरपालिका,
सिन्धुपाल्चोक ।

विषय : परिपत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा यस चौतारा साँगाचोकगढी नगरपालिका भित्रका सवै योजनाहरुको नियमानुसार सम्झौता गरिएको अवस्थामा भुक्तानीका लागि नगरपालिकामा पेश गर्दा कतिपय योजनाको टोल विकास समितिले नियमानुसार पेश गर्नु पर्ने कागजातहरु पेश नगरि भुक्तानी माग गरिएको पाइएकोमा देहाय वमोजिमका कागजातहरु अनिवार्य रुपमा संलग्न गरेर मात्र भुक्तानी तथा निर्माण सामाग्री खरिद एवं कर कट्टी सम्वन्धी शर्तहरु देहाय बमोजिमको व्यवस्था हुने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनको लागि तहाँ वडा अन्तर्गतका सवै वडा तथा टोल विकास समितिलाई परिपत्र गरी यसै बमोजिम गर्ने गराउने व्यवस्था मिलाउनु हुन मिति २०७६।९।०८ गतेको श्रीमान् नगर प्रमुख स्तरिय निर्णय अनुसार अनुरोध गर्दछु ।

भुक्तानीका लागि अनिवार्य पेश गर्नुपर्ने कागजातहरु :

१. टोल विकास समितिसँग भएको संझौता पत्र (वडा तथा नगर स्तरिय )

२. कार्य शुरु गर्नु भन्दा अघिको योजनाको अवस्थाको फोटो,योजना संचालन भइ रहेको अवस्थाको फोटो तथा योजना सम्पन्न भइ सकेको अवस्थाको फोटो (टोल विकास समितिका पदाधिकारी र वडाका प्रधिनिधिहरुसंग रहेको ।

३. सम्झौता बमोजिम योजना तथा कार्यक्रम सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्यसम्पन्न प्रतिवेदन, नापी किताब, प्रमाणित विल भरपाई, सम्वन्धित टोल विकास समितिले योजना तथा कार्यक्रम संचालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय सहित भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ ।

४. टोल विकास समितिले सम्पादन गरेको काम र भएको खर्चको बिवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेश गर्नु पर्नेछ ।

विदुर कुमार घिमाल
उप-सचिव (नवौं तह)


http://chautaramun.gov.np/ chautaramun@gmail.com ०११-६२०४७७, ३१३ ०११-६२००४७

प.स.०७६।०७७
च.न.

५. आयोजना सम्पन्न भई फर फरक गर्नु भन्दा अगावै टोल विकास समितिले अनिवार्य रुपमा कार्यालयको प्रतिनिधीको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सर्बजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।सोहि अनूसूचीको फोटोकपि समेत पेश गर्नु पर्नेछ ।

६. टोल विकास समितिले आफूले गरेको खर्चको सूचना अनुसूची ४ वमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ, सो अनुसूचीको प्रतिलिपि समेत भुक्तानीका लागि पेश गर्नु पर्नेछ ।

७. आयोजनाको कुल लागत रु ३ लाख भन्दा बढी भएका आयोजनाहरुको हकमा टोल विकास समितिले काम शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत, लागत साझेदारीको अवस्था, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची ५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी, आयोजना स्थलमा राख्नु पर्नेछ । सो सूचना पाटीको फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

८. टोल विकास समितिबाट गरिएको कार्यको टोल विकास समितिका सदस्य मध्ये कम्तिमा १ तिहाई महिला सदस्य सहितको आन्तरीक अनुगमन तथा मूल्यांकन समितिवाट अनिवार्य रुपमा निर्णय गराई पेश गर्नु पर्नेछ

९. रु. ५ लाख सम्मको योजनाको वडा स्तरिय अनुगमन तथा मूल्याङकन समिति तथा ५ लाख भन्दा बढी लागतको योजनाको हकमा नगरस्तरीय योजना तथा मूल्याङकन समितिको मूल्यांकन प्रतिवेदनका आधारमा प्राबिधिक जाँचपास गराईएको विवरण सहित पेश गर्नु पर्नेछ ।

१०. योजनाको सवै कार्य सम्पन्न भएको अवस्थामा टोल विकास समितिको निर्णय तथा वडा कार्यालयको सिफारिस समेत भुक्तानीको लागि पेश गर्नु पर्नेछ ।

११. सम्झौतामा उल्लेखीत शर्तहरु पूर्ण रुपमा पालना गर्नु पर्ने ।

१२. सम्झौतामा उल्लेखित गर्न छुट भएका बिषयहरु प्रचलित कानून बमोजिमको व्यवस्था भए बमोजिम हुनेछ ।

१३. प्रत्येक टोल विकास समितिले आर्थिक वर्ष समाप्त भए पछि नियमानुसार लेखा परिक्षकबाट लेखा परिक्षण गराउनु पर्ने भएकाले वार्षिक आय व्यय विवरण तथा समितिको खाताको वैंक स्टेटमेन्ट सहित माथी उल्लेख भए वमोजिमका सवै कागजातहरु एक प्रति फोटोकपि गरेर टोल तथा वडा विकास समितिमा राख्नु पर्ने छ ।

### शर्तहरू :

- **निर्माण सामाग्री खरिद कर कट्टा सम्बन्धी शर्तहरू देहाय बमेजिम पालन गर्नुपर्नेछ ।**

१. कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्वर र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको विल भरपाई आधिकारीक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

विदुर कुमार घिमाल
उप-सचिव (नवौं तह)

# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

३ नं. प्रदेश, नेपाल


प.स.०७६।०७७
च.नं.

२. कार्यलयले भुक्तानी गर्दा १३ प्रतिशत मुल्य अभिवृद्धि करमा आधा कर रकम कट्टी गरी राजस्व जम्मा गरिनेछ र उक्त राजस्व रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी सम्बन्धित टोल विकास समितिलाई उपलब्ध गराइने छ मूल्य अभिबृद्धि कर (VAT) लाग्ने बस्तु तथा सेवा खरिद गर्दा रु २०,०००।- भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नु पर्नेछ । साथै उक्त बिलमा उल्लिखित मु.अ.कर बाहेकको रकममा १.५% अग्रीम आयकर बापत करकट्टि गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु २०,०००।- भन्दा कम मूल्यको सामाग्री खरिदमा पान नम्बर लिएको व्यक्ति वा फर्मबाट खरिद गर्नु पर्नेछ । अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

३. डोजर रोलर लगायतका मेशिनरी सामान भाडामा लिएको एवम् घर बहालमा लिई विल भरपाई पेश भएको अवस्थामा १० प्रतिशत घर भाडा कर एवम् बहाल कर तिर्नु पर्नेछ ।

४. टोल विकास समितिले काम सम्पन्न गरिसकेपछि बाँकी रहन गएका खप्ने सामानहरु मर्मत संभार समिति गठन भएको भए सो समितिलाई र सो नभए सम्वन्धित कार्यालयलाई बुझाउनु पर्नेछ । तर मर्मत समितिलाई बुझाएको सामानको विवरण एक प्रति सम्वन्धित कार्यालयलाई जानकारीको लागि बुझाउनु पर्नेछ ।

५. योजना तथा कार्यक्रम को दीगो सञ्चालन तथा मर्मत संभारको व्यवस्था गर्नु पर्नेछ ।

६. श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत अनुमान स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशिनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाईएमा त्यस्तो टोल विकास समितिसँग सम्झौता रद्ध गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम सुल्याङ्कन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**बोधार्थ :**
**श्रीमान् नगर प्रमुख ज्यू,**
**चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक ।**

श्री सूचना प्रविधि शाखा :
उक्त पत्र website मा upload गर्नु हुन ।

(विदुर कुमार घिमाल)
उप सचिव(नवौं तह)